"स्वच्छ, समृद्ध, सुसंस्कृत इलाम"
पर्यटकीय, तयार इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भानुपथ, इलाम

**Ilam Municipality**
**Office of the Municipal Executive**

Green Ilam

१ नं. प्रदेश, नेपाल

च.नं. ४२२३

मिति २०७९।२।१३ को सूचना

इलाम नगरपालिकाका नगर प्रमुख श्री केदार थापाज्यूबाट मिति २०७९।२।९ मा जारी भएको पहिलो कार्यसूचीमा इलाम नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को योजना तथा कार्यक्रम तयार गर्दा इलाम नगरपालिकाको आवधिक योजनाका साथै स्थानीय तह निर्वाचन २०७९ को लागि २०७९।१।३० अगावै जारी भएको नेपाली कांग्रेस र नेकपा एमाले तथा नेपाली कांग्रेसको नेतृत्वमा रहेको वर्तमान राजनैतिक दलको गठबन्धनको घोषणा तथा प्रतिबद्धता पत्रलाई आधार मानेर तयार गर्ने नीतिलाई प्राथमिकतामा राख्ने र आर्थिक वर्ष ०७९।०८० को लागिं रु १ करोडका दरले वडा सिलिङ्ग विनियोजन गरी कार्यक्रम तयार गर्ने उल्लेख भएको विदितै छ ।

तत्सम्बन्धमा इलाम नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को योजना तथा कार्यक्रम तयार गर्ने कार्य वडा कार्यालयहरुबाट शुरु भई सो कार्य धमाधम भइरहेको हूनाले इलाम नगरपालिकाको गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यसम्बन्धी निर्देशिका, २०७८ को दफा १०(क) बमोजिम योजना तर्जुमा प्रक्रियामा गैसस तथा सामाजिक संस्थाहरुको सहभागिता अनिवार्य भएको हूँदा आवश्यक सल्लाहसुझाव तथा आ-आफ्नो संस्थाको आ.ब. २०७९।०८० को वार्षिक योजना वडा कार्यालयमा शीघ्र उपलब्ध गराई सहयोग गरि दिन हून इलाम नगरपालिका क्षेत्रमा क्रियाशील गैर सरकारी संस्थाहरुमा अनुरोध छ । साथै वडा कार्यालयमा संकलन हून आएका गैरसरकारी क्षेत्रको आ.ब. २०७९।०८० को वार्षिक योजना तथा कार्यक्रम यस कार्यालयको संघसंस्था शाखामा पठाई दिन वडा कार्यालयहरुमा समेत अनुरोध छ ।

०७९।२।१३

काली बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत